# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७४/०२/३१ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

जिल्ला अछाम श्री भवानी देवी माध्यामिक विद्यालय, पुल्लेतोलामा प्रा.वि. स्तरको अस्थाई शिक्षकका रुपमा कार्यरत डम्मर बहादुर रावलले नक्कली शैक्षिक प्रमाण-पत्र पेश गरी उक्त पदमा कार्यरत रहेकोले आवश्यक छानविन गरी कारवाही गरीपाउँ भन्ने व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान हुंदा, निजले शुरु नियुक्ति पाउने र सो हैसियतले लाभ तथा सुविधा पाउने उद्देश्यले माध्यामिक शिक्षा परिषद, उत्तरप्रदेश अन्तरगत पी.जे.एम इन्टर कलेज श्रीकोट भारतबाट सन् १९९० मा हाई स्कुल परिक्षा (S.L.C सरह) उत्तिर्ण गरेको नक्कली एवं झुठ्ठा प्रमाण-पत्रहरु पेश गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर गरेको देखिएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

कुनै पनि प्रकारको भ्रष्टाचारका सम्बन्धमा समयमै सत्य र यथार्थपरक सूचना उपलव्ध गराई आफ्नो हक अधिकार सुनिश्चित गर्नुका साथै भ्रष्टाचारजन्य गतिबिधिको अन्त्य गरी भ्रष्टाचारमुक्त समाज निर्माण गर्ने गराउने साझा अभियानमा सक्रिय सहभागिता एवं सहकार्यका लागि आयोग सबैमा हार्दिक अनुरोध गर्दछ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता